जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १४२ | २०७८ साल पुस १७ गते शनिबार (1 Jan. 2022 Saturday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

यौन दुराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : पुस्तैंदेखि बसोबास गर्दै... ३ पृष्ठमा : प्रेस स्वतन्त्रता उल्लङ्घनका... ३ पृष्ठमा : नयाँ दिल्लीमा ओमिक्रोन भेरियन्ट..

# अज्ञात समूहद्वारा ट्रकमा आगजनी



**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ५ महुली पुल नजिक शुक्रबार दिउँसो एक ट्रकमा आगजनी भएको छ ।

गिट्टी बोकेर पूर्वतर्फ जादैं गरेको ना.६ख. ७६२९ नम्वरको ट्रकमा आगजनी भएको हो । आगजनीबाट ट्रकको अगाडीको भाग जलेको छ । ट्रकमा लगाइएको आगो नियन्त्रणका लागि प्रहरी, स्थानियवासी तथा वारुणयन्त्रको मद्दत लिएको थियो ।

यसैबीच स्थानिय प्रत्यक्षदर्शीका अनुसार चार जनाको समूहमा आएका व्यक्तिहरुले ट्रक रोकी पेट्रोल छरेर आगजनी गरि फरार भएका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले अज्ञात व्यक्तिले ट्रकमा आगजनी गरेको बताउँदै घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए ।

# जसपाद्वारा जनमत बिरुद्ध खबरदारी जुलुस

**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

जनता समाजवादी पार्टी नेपालले जनमत पार्टी बिरुद्ध सप्तरीमा शुक्रबार खबरदारी जुलुस निकालेको छ । जनमत पार्टीका नेता कार्यकर्तामाथी कारवाहीको माग गर्दै जसपाले सो खबरदारी जुलुस निकालेको हो ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा जनमत पार्टीको कार्यक्रममा वडा नं. ११ का वडाअध्यक्ष लगायतले नेता कार्यकर्तामाथी आक्रमण तथा सवारीसाधनलाई तोडफोड गरेको भन्दै वडा अध्यक्षलाई कारवाहीको माग गर्दै आन्दोलन गरिरहेको बेला जसपाले पनि सो पार्टी बिरुद्ध खबरदारी जुलुस निकालेको जनाइएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष मोहि यादवको नेतृत्वमा एक टोलीले गत गत शनिबार आफ्ना नेता कार्यकर्तामाथी आक्रमण र कार्यक्रम स्थलमा तोडफोड गरेको आरोप लगाउँदै जनमत पार्टीका कार्यकर्ताले सडक आन्दोलन सुरु गरेका छन् ।

यता मंगलबारदेखी उक्त नगरपालिकाका १३ वटै वडाका वडा अध्यक्षले आ-आफ्नो वडा कार्यालयमा तालाबन्दी गरि सोको साँचो नगर प्रमुख शैलेश प्रसाद साहलाई बुझाएका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

# राजमार्ग बन्दलाई निरन्तरता जनमतका जिल्ला अध्यक्षसहित एक दर्जन पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

जनमत पार्टीले किसानहरुको समस्या समाधान गर्न ११ बुँदे माग राखेर अनिश्चितकालीन राजमार्ग बन्द आन्दोलनलाई निरन्तरता दिँदै शुक्रबार पनि पूर्व-पश्चिम राजमार्गमा बन्दको प्रभावमा परेको छ ।

राजमार्ग बन्द आन्दोलनका क्रममा जिल्लाको भारदहमा राजमार्ग अवरुद्ध गर्दै गरेका जनमत पार्टीका सप्तरीका अध्यक्ष चन्देश्वर मण्डलसहित एक दर्जन व्यक्तिलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता शुक्रवार विहानदेखि भारदहस्थित राजमार्गमा जनमतका कार्यकर्ताहरुले प्रदर्शन गर्दै एक टिपरमा तोडफोड गरेका छन् ।

यस्तै लहानमा जनमतका कार्यकर्ताहरुले उखु बोकेर प्रदर्शन गरेका छन ।

किसानहरुको समस्या समाधान गर्न भन्दै जनमत पार्टीले सुरु गरेको राजमार्ग अवरुद्ध बन्द आन्दोलनका क्रममा सिरहाको लहानमा मनोकामना ड्राइभिङ्ग सेन्टरको गाडी तोडफोड भएको छ ।

राजमार्ग बन्दको अवज्ञा गरेको भन्दै जनमतका कार्यकर्ताले को.१ब. ३७२९ नम्बरको कारको सिसा फुटाएका हुन् । सिसा लागेर गाडीमा सवार विजय यादवलाई चोट समेत लागेको छ ।

जनमतका कार्यकर्ताले विहानैदेखि लहानमा प्रदर्शन गर्दै सडकमा टायर बालेर राजमार्ग समेत अबरूद्ध पारेका छन् ।

# सन् २०२१ मा ८ वटा हत्यासहित ९४ वटा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना



**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

सप्तरीमा सन् २०२१ को अवधीमा आठ वटा हत्यासहित ९४ वटा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना भएको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

नेपाल मानव अधिकार वर्षपुस्तक २०२२ का लागि सप्तरीमा संकलन गरिएको मानव अधिकार उल्लघंन र ज्यादतीका घटनाहरूको प्रकाशन पूर्व शुक्रबार राजविराजमा बार्षिक समीक्षा गोष्ठीमा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले प्रस्तुत गरेका प्रतिवेदनमा सो अवधिमा बलात्कारपछि नौ वर्षीया बालिकाको हत्या, १६ वर्षीय बालक, ८९ वर्षीय अति वरिष्ठ ज्येष्ठ नागरिक र ४७ वर्षीया महिलाको हत्यासहित गैरराज्य पक्षबाट आठ जनाको हत्या भएको जनाइएको छ ।

यस्तै आत्महत्या दुरुत्साहनका तीन घटनाका आरोपितहरुमा पति, सासु, ससुरा र देवर छन् । बाल यौन दुर्व्यवहारमा ९ घटनामा ९ देखि १७ वर्षीया १० बालिका पीडित भएकी प्रतिवेदनमा उल्लेख गरिएको छ । सोही वर्ष ६ वर्षीय बालकमाथि अप्राकृतिक मैथुन गरेको आरोपमा २० वर्षीय युवक पुर्पक्षका लागि थुनामा रहेको जनाइएको छ ।

महिला बलात्कारका ९ घटनामा १८ माथि ३० वर्षीयासम्मका ९ महिला पीडित भएकी छिन । बलात्कारको घटनामा १९ देखि ३३ वर्षीय ९ जना आरोपितहरु छन् । जसमा १ जना थुनामा, २ जना जिम्माजमानीमा र ३ जना पुर्पक्षका लागि धरौटीमा रिहा भएका छन् भने ३ जना फरार छन् ।

महिला बलात्कार प्रयासका ९ घटनामा २० देखि ३१ वर्षीया महिला पीडित भइन् । यसमा २१ देखि ५० वर्षीय १३ जना आरोपित रहेका छन् । दुई ओटा उजुरी अनुसन्धानका क्रममा छ । बाँकी ७ घटनामध्ये १ जना पुर्पक्षका लागि थुनामा, ३ जना धरौटीमा र ३ जना फरार रहेका छन् । यौन दुव्र्यवहारका २ घटनामा पीडितले उजुरी फिर्ता लिइन् ।

बहुविवाहको ९ घटनामा २१ देखि ४६ वर्षीया महिला पीडित बनेकी छिन । आरोपितमध्ये ६ जना पुर्पक्षका लागि धरौटीमा रिहा भए, १० जनाविरुद्ध पक्राउ पुर्जी जारी भयो भने २ जना फरार छन् ।

बालविवाहका १ घटना जनप्रतिनिधी, प्रहरी, इन्सेक र गाउँलेको पहलमा रोकिएको छ भने २ बालविवाहको आरोपित १० मध्ये १ जना पुर्पक्षका लागि धरौटीमा रिहा, १ जनाविरुद्ध पक्राउ पुर्जी, ५ जनाविरुद्ध म्यादी पुर्जी र ३ जना फरार छन् । १४ वर्षीया १ बालिका अपहरणको आरोपमा १ जना आरोपित पुर्पक्षका लागि थुनामा छन् ।

मानव वेचविखनको १, अपहरणको ३, गैरकानुनी थुनाको १, अमानविय व्यवहारको १, घरेलु हिंसाको ६ घटना अभिलेख गरिएको छ । कुटपिट/दुर्व्यवहारको ६ घटनामा घाइते हुनेमा ४ कर्मचारी, १ शिक्षक, १ डाक्टर, १ सर्वसाधारण रहेका छन् ।

इन्सेक सदस्य तथा प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाको अध्यक्षतामा आयोजित गोष्ठिमा जिल्ला न्यायाधीश राजेन्द्रकुमार

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### अंग्रेजी नयाँ वर्षमा कोरोनाप्रति सावधानी अपनाऔं

हरेक वर्ष झैं पुनः एक पटक अग्रेजी नयाँ वर्षको सुरुवा तभएको छ । आजदेखी सन् २०२२ सुरु भएको हो । गत दुई वर्षदेखी कोरोना महामारीले विश्वलाई आतंकित बनाइरहेको बेला यस वर्ष पनि नयाँ वर्षको सुरुवातसँगै पुनः महामारी फैलिन थालेको छ । वितेको दुई वर्षमा कोरोना महामारीका कारण सम्पूर्ण विश्वका लाखौं व्यक्तिले अकालमै ज्यान गुमाउनु परेको थियो ।

विश्व कहिले लकडाउन नभएको सन् २०२० मा कोरोना महामारीका कारण सम्पूर्ण विश्व लकडाउन हुन बाध्य भयो । यस अवधीमा मानविय क्षति त भयो विश्व नै कयौं वर्ष पछाडी पऱ्यो । विकासीय कार्यदेखी शैक्षिक क्षेत्रलगायत मानविय जिवनको सम्पूर्ण कार्य पनि यस अवधीमा ठप्प रहयो । यसरी प्राकृतिक विपदका कारण दुई वर्षदेखी विश्व स्तब्ध भएको छ ।

केही समयअघि सम्म विश्वका सम्पूर्ण नागरिकले महामारीबाट हतास नभई आफ्नो दैनिकी जिवन कार्यलाई बिस्तारै निरन्रता दिइरहेको बेला पुनः महामारीको त्रासले नयाँ वर्ष मनाउन समेत बन्देज गरेको छ । कुनै पनि विपद आउँदा कोही पनि हतास नभई यसलाई सामना गर्न सक्नु पर्दछ । तसर्थ आजदेखी सुरु भएको नयाँ वर्षमा कोरोना महामारीलाई परास्त गर्न स्वास्थ्य मापदण्डको पालनासँगै कोरोनासँग लड्ने क्षमता समेत बढाउनु पर्ने जरुरी रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पुस्तौँदेखि बसोबास गर्दै आएका मुसहरलाई उठीबासको चिन्ता

**राजु विश्वकर्मा**
जनकपुर, १६ पुस (रासस) ।

पुस्तौँदेखि ऐलानी जग्गामा जीवन बिताउँदै आएको सप्तरीको डाक्नेश्वरी नगरपालिका-५ का रामदेव सदाको परिवार अहिले चिन्तामा छ ।

स्थानीयवासी रमानन्द चौधरीले सदा परिवार बसिरहेको जग्गा खाली गर्न भनेपछि उनीहरुलाई समस्या भएको हो । “वर्षौंदेखि यही ऐलानी जग्गामा बसेर जीवन गुजारा गर्दै आएका छौँ”, सदाले भन्नुभयो, “अहिले आएर चौधरीले यो जग्गा मेरो हो भन्दै जग्गा खाली गर्न भन्नुभयो , पछि त अदालतमा पनि मुद्दा हाल्नुभयो, अहिले कहाँ जाने भन्ने समस्या परेको छ ।” यहाँबाट विस्थापित नै हुन्छ कि भन्ने चिन्तामा डुबेको उहाँको दुखेसो छ ।

“आफूहरुसँग नम्बरी जग्गा छैन, त्यसैले पोखरीको डिलमा फुसको छाप्रो बनाई बस्दै आएका छौँ”, उहाँले भन्नुभयो, “अहिले भोक र निद्रा नै हराएको छ ।”

उहाँका अनुसार सदा समुदायले धेरै पहिलादेखि सोही जग्गामा घर बनाएर बस्दै आएका थिए । “ बुबा पनि सोही जग्गालाई आफ्नो बासस्थान बनाउनुभयो”, ६० वर्षीय सदाले भन्नुभयो, “हामी पनि यही जग्गामा थाकथलो बनाएर बसिरहेका छौँ, तर अहिले अचानक आएर चौधरीले जग्गा दाबी गर्दै मुद्दा हालेपछि परिवार नै उठीबासमा पर्ने चिन्तामा छौँ ।” पछिल्लो समय केही दिनयता चौधरीले बस्तीमै आएर जग्गा खाली गर्न धम्कीसमेत दिन थालेपछि थप तनावमा परेको सदाको गुनासो छ ।

“कहिलेदेखि हजुरबुबा यो जग्गामा बस्नुभयो भने नै हामीलाई नै थाहा छैन”, डाक्नेश्वरी नगरपालिका-५ का ४५ वर्षीय रामेश्वर सदाले भन्नुभयो, “ जग्गा खाली गराउने भन्दै चौधरी अदालत गुहारेपछि चिन्ताले निद्रा लाग्न छाडिसक्यो, जग्गा छोड्नु परे कहाँ जाने र के खाने भन्ने ? समस्यामा परेका छौँ ।” “पुस्तौँदेखि यही बस्यौँ, यही मजदुरी गऱ्यौँ, कहिले पनि कसैले यो जग्गा मेरो हो भनेनन्”, उहाँले भन्नुभयो, “अहिले अचानक चौधरीले जग्गा खालीका लागि धम्की आउन थालेपछि लालाबालासहित कहाँ जाने भन्ने चिन्तामा डुबेका छौँ ।” विस्थापित हुनबाट जोगाइदिन सबैसँग उहाँले अपिलसमेत गर्नुभएको छ ।

स्थानीय रमानन्द चौधरीले जग्गा दाबी गर्दै पोखरीको डिल खाली गराउन अदालत पुगेपछि रामदेव र रामेश्वर सदा मात्र होइन, आर्थिकरुपमा विपन्न मुसहर समुदायसँग आफ्नो जग्गा नहुँदा गाउँ नजिकैको पोखरी डिलमा पुस्तौँदेखि बस्दै आएका २५ घर मुसहर समुदाय उठीबासका जोखिममा छन् ।

स्थानीय चौधरीले पोखरी डिल आफ्नो निजी जग्गा भएको र सदाले जग्गा हडपेर जबर्जस्ती घर बनाई बसेको भन्दै जग्गा खाली गराउन २०७८ मङ्सिर २० गते सप्तरी जिल्ला अदालतमा मुद्दा जोड्नुभएको छ । चौधरीले मुद्दा दिएको अदालतबाट पत्र आएपछि बल्ल थाहा पाएको सुनाउँदै स्थानीय मुसहर समुदायले पुस्तौँदेखि भोगचलन गर्दै आएको जग्गा खाली नगर्ने अडानमा छन् ।

“पुस्तौँदेखि भोजचलन गर्दै आएको जग्गा खाली नगर्ने आफूहरु पनि अडानमा छौँ”, ३७ वर्षीय ओपेन्द्र सदाले भन्नुभयो, “त्यसैले हामी पनि अदालतमा प्रतिउत्तर जोड्ने तयारीमा छौँ, अन्तिमसम्म हामी पनि लड्छौँ ।” यसमा सबैको सहयोग चाहियो, उहाँको आग्रह थियो । यसअघि सप्तरीको शम्भुनाथ नगरपालिका-१ खोक्सर प्रवाहाका दलित समुदायलाई जग्गा खाली गराउन स्थानीय देवीलाल साहले अदालतमा मुद्दा दायर गर्नुभएको थियो । सो मुद्दामा अदालतले यथास्थितिमै राख्न आदेश दिएपछि दलित समुदाय उठीबास हुनबाट जोगिएको थियो ।

यसरी आर्थिक विपन्नता र सामाजिक विभेदमा परेका दलित समुदायलाई आवश्यक परामर्श तथा सहयोगका लागि श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले अभियान सुरु गरेको छ । द फ्रिडम फण्डका सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले दलित बस्तीका हरुवाचरुवा परिवारलाई लक्षित व्यक्तिगत घटना दर्तासँगै सशक्तीकरणका योजनासहितको कार्यक्रम सञ्चालन गरेको केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरीले जानकारी दिनुभयो ।

दलित समुदाय उठीबाससँगै शिक्षा र नागरिकताको समस्या रहेको पाइएकाले ती समुदायका हरुवाचरुवा परिवारलाई आवश्यक परामर्श र सहयोगको कार्यक्रम सञ्चालन गरिरहेको उहाँको भनाइ छ । पुस्तौँपुस्तादेखि बस्दै आएको मुसहर समुदायलाई उठीबास हुन नदिन आफूहरुले पनि सहयोग गर्ने स्थानीय गैरदलित समुदायका अगुवाले समेत बताएका छन् ।

ऐन, कानुनले पनि कसैलाई उठीबास गर्न नहुने व्यवस्था गरेको अवस्थामा मुसहर समुदायलाई उठीबास बनाउने योजनालाई आफूहरुले पनि असफल बनाउन सहयोग गर्ने स्थानीय समाजसेवी असर्फीलाल यादवले बताउनुभयो ।

# निर्वाचनसम्बन्धी विधेयक तर्जुमा गर्न पनि सैद्धान्तिक स्वीकृति प्रदान

काठमाडौँ, १६ पुस (रासस) ।

सरकारले निर्वाचन आयोगसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को यही पुस १४ गते बसेको बैठकले गरेका निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधेयक तर्जुमा गर्न पनि सैद्धान्तिक स्वीकृति प्रदान गरिएको जानकारी दिनुभयो ।

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री कार्कीले शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सुर्खेत जिल्लाको साविकका लेखफर्सा, काफलकोट र लेखपराजुल गाविसको जग्गा प्रशासनसम्बन्धी काम मालपोत तथा नापी कार्यालय, मेहलकुना, सुर्खेतलाई हस्तान्तरण गरी सेवा सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरिएको बताउनुभयो ।

सो बैठकले नेपाली सेनाका प्रधानसेनापति महारथी प्रभुराम शर्मा यही यही पुस १८ देखि ३० गतेसम्म घर बिदामा रहनुहुने भएकाले बलाधिकृत रथी बालकृष्ण कार्कीलाई नेपाली सेनाको कायममुकायम भई प्रधानसेनापतिको कार्यभार सम्हाल्ने गरी तोक्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने पनि निर्णय गरेको छ ।

मन्त्री कार्कीका अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयका नेपाल कृषि सेवाका वरिष्ठ माटोविज्ञ डा गङ्गादत्त आचार्यलाई सार्क कृषि केन्द्र ढाकामा वरिष्ठ कार्यक्रम विज्ञ पदमा काम गर्न काजमा खटाउने निर्णय भएको छ । यस्तै बैठकले टाक्टोर-लामाजुरा सडकखण्डको ट्याक खोल्न सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका-२ मा रहेको राष्ट्रिय वन क्षेत्रभित्रका २.५७ हेक्टर वन क्षेत्र प्रयोग गर्न स्वीकृति प्रदान गरेको छ ।

यसैगरी सोही दिनको मन्त्रिपरिषद्को बैठकले चिकित्सा शिक्षाको स्नातक तहमा चीनलगायतका मुलुकमा भर्ना भएका विद्यार्थीका हकमा बाँकी रहेको अध्ययन, प्रयोगात्मक अभ्यास वा इन्ट्रनसीप पूरा गर्न सैद्धान्तिक स्वीकृति दिएको छ । सरकारले आदिकवि भानुजन्मस्थल विकास समितिको अध्यक्ष पदमा तनहुँ जिल्ला भानु-४, का ऋषिराम पन्त र कार्यकारी निर्देशकको पदमा सोही ठाउँका शङ्कर रानाभाटलाई नियुक्त गर्ने निर्णय गरेको छ । यस्तै तमू ल्होसारको अवसरमा यही पुस १५ गते बिहीबार सार्वजनिक बिदा दिने गरेको पनि मन्त्री कार्कीले जानकारी दिनुभयो ।

# पोषणसम्बन्धी कार्यक्रमलाई जनस्तरसम्म लैजानुपर्छ : मुख्यमन्त्री राउत

जनकपुर, १६ पुस (रासस) ।

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले पोषणसम्बन्धी कार्यक्रमलाई जनस्तरसम्म लैजानुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिद्वारा शुक्रबार जनकपुरधाममा आयोजित बहुक्षेत्रीय पोषण योजनासम्बन्धी प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा बोल्नुहुँदै मुख्यमन्त्री राउतले पोषणसम्बन्धी सञ्चालित कार्यक्रम व्यवहारमा उत्रिन नसकेकाकाले यसलाई जनस्तरसम्म लैजानुपर्ने बताउनुभयो ।

अन्नको भण्डारको रुपमा रहेको प्रदेश २ मा बालबालिका कुपोषणको शिकार हुनुमा कुपोषणसम्बन्धी जानकारीको आभाव प्रमुख कारण रहेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री राउतले कुपोषणको समस्यामा सुधार ल्याउन पोषणसम्बन्धी कार्यक्रमलाई जनजनसम्म लैजानुपर्ने बताउनुभयो । प्रदेश २ अन्नको भण्डार मात्र नभई दूध, फलफूललगायतका खाद्य सामग्रीको पर्याप्तता हुँदाहुँदै उपयोगसम्बन्धी जानकारीको आभावमा बालबालिका कुपोषणको शिकार हुनु दुःखद् रहेको बताउनुहुँदै मुख्यमन्त्री राउतले पोषणसम्बन्धी तथ्याङ्कले प्रदेशको अवस्था सुधारोन्मुख रहेको देखाए पनि सन्तोषजनक नरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा उमाशङ्करप्रसाद साहले पोषणसम्बन्धी कार्यक्रमलाई सहरी क्षेत्रमा नभई ग्रामीण क्षेत्रसम्म विस्तार गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका सहसचिव डा किरण रुपाखेती, पोषण कार्यक्रम निर्देशक लक्ष्मी घिमिरे, पोषण शाखा प्रमुख लिलाविक्रम थापा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव वसन्त अधिकारी, प्रदेश नीति आयोगका दानीकान्त झालगायतले प्रदेश २ मा पोषणको अवस्था र सुधारका लागि अपनाउनुपर्ने नीतिका विषयमा सहजीकरण गर्नुभएको थियो ।

# प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामा कमी

काठमाडौं, १६ पुस (रासस)।

अघिल्लो वर्षको तुलनामा यस वर्ष नेपालमा प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामा कमी आएको छ। सन् २०२० मा ९६ वटा प्रेस स्वतन्त्रता उल्लङ्घनका घटना घटेकामा सन् २०२१ मा सो सङ्ख्या ५९ रहेको छ।

'फ्रिडम फोरम'ले तयार पारेको वार्षिक मिडिया प्रतिवेदनअनुसार यस वर्ष नेपालमा प्रेस स्वतन्त्रता उल्लङ्घनका ५९ घटनाबाट ८३ सञ्चारकर्मी प्रभावित भएका छन्। यस वर्ष आक्रमण/हातपातमा २०, समाचार सङ्कलन रोक र तोडफोडमा २०, दुर्व्यवहारमा २०, ज्यान मार्ने र धम्कीमा १५, प्रहरीद्वारा पक्राउमा सात र समाचार लेखेकै भरमा एक पत्रकारविरुद्ध मुद्दा चलाइएको छ। ति घटनामा २४ सञ्चारकर्मी सुरक्षाकर्मीबाट, १५ सरकारी कर्मचारीबाट, १० राजनीतिक व्यक्तिबाट, चार गुण्डागर्दीमा संलग्नबाट र अन्य व्यक्तिबाट ३० सञ्चारकर्मी प्रभावित भएको तथ्याङ्क छ।

सबैभन्दा बढी २९ प्रेस स्वतन्त्रता उल्लङ्घनका घटना बागमती प्रदेशमा रहेका छन्। प्रदेश नं २ र कर्णाली प्रदेशमा सात-सात, लुम्बिनी प्रदेशमा ६ वटा, गण्डकी र सुदूरपश्चिम प्रदेशमा चार-चार र प्रदेश एकमा दुई प्रेस स्वतन्त्रता उल्लङ्घनका घटना छन्। मिडियामैत्री कानुनको निर्माण नहुनु, राजनीतिक व्यक्तिबाट प्रेस स्वतन्त्रताविरुद्धका घटनामा कमी ल्याउन पहल नहुनु, पत्रकारविरुद्ध भएका दण्डहीनता अन्त्यको गति सुस्त हुनु, पत्रकार तथा नागरिकलाई नियन्त्रण गर्न विद्युतीय कारोबार ऐनको दुरुपयोग गर्नुलगायत कारणले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अझै खतरामा रहेको फ्रिडम फोरमका प्रमुख कार्यकारी तारानाथ दाहालले बताउनुभयो।

प्रतिवेदनमा प्रतिनिधि घटनाका रुपमा समाचार लेखेकै कारण काठमाडौँबाट पत्रकार अनिश तामाङ पक्राउ, गोरखापत्र दैनिकको अनलाइन संस्करणबाट पत्रकार घनश्याम भट्टको लेख हटाइएको, सर्वोच्च अदालतले समाचारको विषयमा पत्रकारद्वय राजन कुइँकेल र नारायण अमृतलाई सोधपुछका लागि बोलाएको, समाचार सङ्कलनका क्रममा फोटो पत्रकार निमेशजङ्ग राईलाई प्रहरीद्वारा साङ्घातिक कुटपिट, स्थानीय समाचारको विषयमा धनुषाका पत्रकार सुरेन्द्रकुमार यादवमाथि कुटपिट प्रतिवेदनमा समावेश गरिएको छ। अवैध गिट्टी बालुवा ओसारपसारको समाचारको विषयमा बाँकेका पत्रकार हेमन्त चौधरीमाथि कुटपिटलगायतका घटना पनि उल्लेख गरिएको छ।

प्रतिवेदनमा भनिएको छ, "लामो समयदेखि विद्युतीय कारोबार ऐन खारेज हुनुपर्छ भन्ने माग सरकारी पक्षबाट पूर्णरुपमा बेवास्ता गरिएको र सोही ऐनको सहारा लिँदै डिजिटल माध्यममा पत्रकारिता र अभिव्यक्ति राखेकै कारण पत्रकार र नागरिक पक्राउ गर्ने र धम्की दिने काम जारी छ।" आगामी सन् २०२२ मा हुन गइरहेको तीनै तहको चुनावमा समाचार सङ्कलनका क्रममा पत्रकारलाई हुनसक्ने जोखिमको अनुमान गर्दै उनीहरुको सुरक्षाका साथै प्रेस स्वतन्त्रता उल्लङ्घनका घटना हुन नदिन सरकार गम्भीर हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

स्वतन्त्र प्रेसका लागि वातावरण तयार गर्न अभिव्यक्ति स्वतन्त्रताका सम्पूर्ण सरोकारवाला पक्षबीच सहकार्य बढाउनुपर्ने, अहिले तुलनात्मकरुपमा अनलाइनको वृद्धि भएसँगै त्यहाँ कार्यरत पत्रकारको हकहितको सुरक्षा गरिनुपर्ने, पत्रकारको पेसागत क्षमता वृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गरिनुपर्ने, संविधानले प्रस्तावनामा भनिएबमोजिम पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चित कानुनबाट गर्ने र व्यवहारमा पनि प्रेस स्वतन्त्रताको प्रत्याभूति हुनुपर्ने सुझाव दिइएको छ।

# विद्यार्थीलाई कक्षाकोठाबाट निकालिएको भन्दै नेविसंघको विरोध

काठमाडौँ, १६ पुस (रासस)।

काठमाडौं मेडिकल कलेज र विराट मेडिकल कलेजले अतिरिक्त शुल्क नबुझाउने विद्यार्थीलाई कक्षाकोठाबाट निस्काशन गरेको भन्दै नेविसङ्घले विरोध गरेको छ।

नेविसङ्घले शुक्रबार काठमाडौँ मेडिकल कलेज सिनामङ्गलमा विरोध कार्यक्रम गरी चिकित्सा शिक्षा आयोगले तोकेभन्दा बढी शुल्क लिने मेडिकल कलेजलाई तत्काल कारबाही गर्न माग गरेको हो।

नेविसङ्घका पूर्वकोषाध्यक्ष शिव रिमालले मेडिकल कलेजले लिँदै आएको अतिरिक्त शुल्क खारेज गरी विद्यार्थीलाई तत्काल अध्ययन गर्ने वातावरण निर्माण गर्न माग गर्नुभयो। "विद्यार्थीले अतिरिक्त शुल्क नबुझाएकै भरमा अध्ययनबाट बञ्चित गर्न मिल्दैन, विद्यार्थीलाई गालीगलौज र धम्की दिने मेडिकल कलेजलाई सरकारले कारबाही गर्नुपर्छ", उहाँले भन्नुभयो।

यसअघि चिकित्सा शिक्षा आयोग र काठमाडौँ विश्वविद्यालयले विद्यार्थीसँग बढी रकम नमाग्न यी कलेजलाई पटकपटक पत्राचार गरिसकेको छ।

# दुई सय ३५ संक्रमित थपिए

काठमाडौं, १६ (पुस)।

पछिल्लो २४ घण्टामा २ सय ३५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको बुलेटिनमा नौ हजार ८४ को परीक्षण गर्दा सो संख्यामा सङ्क्रमण पुष्टि भएको हो।

हालसम्म नेपालमा चार हजार ८ सय ७९ जना सक्रिय सङ्क्रमित छन्। पछिल्लो समय थप २ सय १२ जना भाइरस सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको संख्या आठ लाख ११ हजार ९५८ पुगेको छ।

यस्तै पछिल्लो पटक सङ्क्रमणबाट चार जनाको मृत्यु भएको छ। हालसम्म नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट ११ हजार ५९४ जनाको मृत्यु भइसकेको छ। पाँच सयभन्दा बढी सङ्क्रमण भएको जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन।

दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्लाहरूमा सुनसरी, कास्की, बाँके र कैलाली छन्। यस्तै शून्य सङ्क्रमित भएका जिल्ला सोलुखुम्बु, रसुवा मनाङ, मुस्ताङ, हुम्ला, मुगु र बाजुरा छन्। नेपालमा सङ्क्रमण दर १७ प्रतिशत रहेको छ।

हाल होम आइसोलेसनमा चार हजार ६५१, संस्थागत आइसोलेसनमा २२८, आइसियुमा ८९ र भेन्टिलेटरमा २४ जनाको उपचार भइरहेको छ। त्यसैगरी पछिल्लो समय एक लाख ३९ हजार १५२ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन्।




## विश्व समाचार

### नयाँ दिल्लीमा ओमिक्रोन भेरियन्ट समुदायस्तरमा फैलिएको पुष्टि

नयाँ दिल्ली, १६ पुस (रासस/सिन्ह्वा)।

दिल्ली सरकारका स्वास्थ्यमन्त्री सत्यन्द्र जैनले नयाँ दिल्लीमा कोरोना भाइरसको घातक मानिएको ओमिक्रोन भेरियन्ट समुदायस्तरमै पुगेको बताउनुभएको छ। हालैका स्वास्थ्य वैज्ञानिकहरुका अनुसन्धानबाट ओमिक्रोन समुदायमै पुगेको पाइएको अधिकारीहरुले जनाएका उहाँले बताउनुभयो।अनुसन्धानबाट ओमिक्रोनको सङ्क्रमण समुदायमा पुगेको पाइएको छ भन्दै उहाँले यहाँ पछिल्ला समयमा फैलिएको कोरोना सङ्क्रमणका ४० प्रतिशतभन्दा बढी सङ्क्रमितहरुत ओमिक्रोनकै भएको बताउनुभयो। उहाँले भन्नुभयो- अनुसन्धानबाट यो देखिएको छ कि यहाँका सङ्क्रमितहरुमा ओमिक्रोनको सङ्क्रमण बढी देखिएको छ। त्यस्तो संक्रमण बाहिरबाट आएका मानिस र यहीँ रहेकामा नै देखिएको छ। त्यसैले यो भेरियन्ट समुदायसम्म नै पुगेको पाइएको छ।कतै पनि नगएका नागरिकमा यस्तो संक्रमण पाइएको छ, अनि यस्तो अवस्थामा हामीले निकालेको निष्कर्ष यो हो कि यहाँका समुदायस्तरकै नागरिकसम्म नै यसको सङ्क्रमण पुगेको छ।भारतमा ओमिक्रोनको सङ्क्रमण भित्रिएको धेरै भएको छैन, तर यहाँका नागरिकमा निकै नी तिब्र गतिमा यो फैलिएको छ उहाँले भन्नुभएको छ।

### नयाँ दिल्ली र मुम्बइमा नयाँ वर्षका कार्यक्रमहरुमा कडाई

मुम्बई, १६ पुस (रासस/सिन्ह्वा)।

नयाँ दिल्ली र मुम्बइमा पछिल्लो समयमा कोरोना भाइरसको प्रकोप बढ्दै गएपछि यहाँ नयाँ वर्षका कार्यक्रमहरुमा कडाई गरेको छ।भारतका नयाँ दिल्ली र मुम्बइमा पछिल्ला केही हप्तामा सङ्क्रमण बढेको हो। यहाँ कोरोनाको ओमिक्रोन भेरियन्ट झन् ठूलो मात्रामा बढेको छ। यहाँका सरकारहरुले कोरोना भाइरस र त्यसमा पनि ओमिक्रोनको प्रकोप बढेपछि नयाँ वर्ष मनाउन सार्वजनिक स्थानहरुमा गर्ने समारोह, मेला तथा जमघट लगायतका कुनै पनि कार्यक्रमहरु नगर्न सूचना जारी गरेका हुन्। बिहीबार मात्र भारतभर १२७० जना ओमिक्रोनका सङ्क्रमित भेटिएका छन्। तीमध्ये नयाँ दिल्लीमा मात्र ३२० जना पाइएका छन्। त्यसपछि धेरै मुम्बईमा पाइएका छन्।यसरी प्रत्येक दिन ओमिक्रोन भेटिन थालेपछि सरकारले सार्वजनिक स्थलहरुमा हुने विविध कार्यक्रमहरुमा प्रतिबन्ध लगाएको बताइएको छ।भारतको राजधानी नयाँ दिल्ली तथा आर्थिक राजधानी मानिने भारतीय ठूलो सहर मुम्बइमा नयाँ वर्षका कार्यक्रमहरुको आयोजना गरिएको र त्यसका कारण झन् सङ्क्रमण बढ्ने आशंका गरेका कारण सरकारले सार्वजनिक स्थलमा जमघट हुने र नयाँ वर्षका कार्यक्रमहरु गर्ने काममा प्रतिबन्ध लगाएको हो। दिल्ली सरकारले यसअघि नै रातिमा कर्फ्यु नलगाइने तर मानिसहरु जमघट हुने र समारोहहरु गर्ने काममा प्रतिबन्ध लगाइएको जनाएको छ।नयाँ दिल्ली राज्यका स्वास्थ्यमन्त्री सत्यन्द्र जैनले गत हप्तामात्र यहाँ प्रत्येक दिन कम्तीमा पनि १५० जना मात्र संक्रमित पाइएकामा हिजोआज दिनहुँ हजारभन्दा बढी संक्रमित भेटिएका बतानुभयो।

### विश्वभर २८ सयभन्दा बढी उडान रद्द, १२ हजार विलम्ब

वासिङ्टन, अमेरिका, १६ पुस, (रासस-एएनआई/स्पुतनिक)।

कोरोनाभाइरसको ओमिक्रोन संस्करणले एयरलाइन्सहरूमा कर्मचारी अभावको कारण बिहीबार विश्वभर २,८०० भन्दा बढी उडानहरू रद्द भएका छन् भने झन्डै १२,००० भन्दा बढीको उडानमा विलम्ब भएको ट्र्याकिङ वेबसाइट फ्लाइटअवेयरले देखाएको छ। "हामी २ जनवरी २०२२ भन्दा पहिले निर्धारित गैर-आवश्यक यात्रा गर्ने यात्रुहरूलाई हाम्रो लचिलो ट्राभल नीति प्रयोग गरी आफ्नो यात्रालाई पछिको मितिमा परिवर्तन गर्न विचार गर्न दृढताका साथ आग्रह गर्दछौं," जेटब्लुले विज्ञप्तिमा यात्रुहरूलाई अनावश्यक उडानहरु पुनः तालिकाबद्ध गर्ने बारे सोच्न प्रोत्साहित गर्दै उक्त आग्रह गरेको छ। ओमिक्रोन भेरियन्टले संयुक्त राज्य अमेरिकालाई नराम्ररी प्रभावित पारेको र जाडो मौसमले थप उडानहरू रद्द गरेको छ।

### अमेरिकीमा ८० प्रतिशत आईसीयू बेडहरू भरिभराउ

वासिङ्टन, अमेरिका, १६ पुस, (रासस-एएनआई/स्पुतनिक)।

संयुक्त राज्य अमेरिकाको स्वास्थ्य सेवा प्रणालीले कोभिड-१९ ओमिक्रोन संस्करणको फैलावटका कारण अभूतपूर्व ओभरलोड अनुभव गरिरहेको छ। सघन उपचार एकाइ (आईसीयू) मा ७८% बेडहरू भरिभराउ छन्। जर्ज वाशिंगटन युनिभर्सिटी अस्पतालका प्रकोप चिकित्सा प्रमुख डा जेम्स फिलिप्सले उक्त जनाकारी दिएको बिहीबार सीएनएनले जनाएको छ। यो हप्ता अमेरिकामा महामारीको रेकर्ड बनेको छ जहाँ दैनिकरूपमा कोभिड-१९का घटनाहरू पाँच लाखभन्दा माथि छ। यो सँगै अस्पताल भर्ना हुने सङ्क्रमितको संख्या नाटकीय रूपमा बढेको छ। केही राज्यहरूमा लगभग तीन गुणा बढेको छ र स्वास्थ्य सेवा सुविधाहरूको प्रवाहमा जटिलता थपिएको छ। अमेरिकाको स्वास्थ्य र मानव सेवा विभागको तथ्याङ्क अनुसार बिहीबारसम्म ७८% आईसीयू बेडहरू भरिएका छन् जसमध्ये २२% कोभिड-१९का बिरामीहरू छन्।अन्य धेरै देशहरू जस्तै, अमेरिकाले अब ओमिक्रोन महामारीको नयाँ लहरको सामना गरिरहेको छ।

# पाँच महिनामा भए ८४४ हिंसाका घटना

काठमाडौँ, १६ पुस (रासस) ।

पछिल्लो पाँच महिनामा ८४४ महिला तथा बालिका हिंसाका घटनाबाट पीडित भएका छन् । महिला पुनःस्थापना केन्द्र (ओरेक)ले संस्थामा आएका र मिडियामा आएको घटनाका आधारमा सबैभन्दा बढी ५६ प्रतिशत घरेलु हिंसा भएको पाइएको हो ।

सो अवधिमा ४७५ घरेलु हिंसाका घटना भएको थियो । १५२ बलात्कार, ७५ सामाजिक हिंसा र ५३ हत्याको घटना भएको थियो । यही अवधिमा ३७ यौन दुर्व्यवहार, सात अलपत्र अवस्थामा फेला परेको, सात साइबर अपराध र ११ बलात्कारको प्रयास भएको थियो ।

घरेलु हिंसाका घटनामध्ये पनि २१६ घटनामा खान लाउन नदिइएको, १३७ शारीरिक हिंसा र १२२ मानसिक हिंसा रहेको छ । तथ्याङ्कको विश्लेषण गर्दा प्रभावित महिलामध्ये ३६५ श्रीमान्, ११९ परिवारका अरु सदस्य रहेकाले सबैभन्दा बढी महिला परिवारभित्रै असुरक्षित रहेको संस्थाले जनाएको छ । प्रभावितहरूको उमेरका आधारमा हेर्दा सबैभन्दा बढी २०९ जना २६ देखि ३५ वर्षसम्म उमेर समूहका महिला प्रभावित भएको पाइएको छ । १७ वर्षदेखि २५ वर्षसम्ममा १४७ जना पीडित, ३६ वर्षदेखि ४५ वर्षसम्मको उमेर समूहमा ६९ जना प्रभावित पाइएको छ ।

घरेलु हिंसामा आरोपितमध्ये सबैभन्दा बढी २६ वर्षदेखि ३५ वर्षसम्म उमेर समूह रहेको पाइएको छ । यो उमेर समूहका २०९, १७ देखि २५ वर्षसम्म उमेर समूहका १४७ तथा ३६ वर्षदेखि ४५ वर्षसम्म ६९ जना महिला पीडित भएका छन् । हिंसाका घटनामा आरोपितमध्ये सबैभन्दा २६ देखि ३५ वर्षसम्मको उमेर समूहका १५८ जना रहेका छन् ।

महिलाहरू सबैभन्दा बढी घरभित्रै असुरक्षित रहेको तथ्याङ्कले देखाएको संस्थाले जनाएको छ । हिंसाका घटनामा पीडित र प्रभावित दुवै युवा छन् । यसले देश विकासमा बाधा पुगेको भन्दै हिंसा अन्त्यका लागि त्यसको कारणको खोजी गर्दै समाधानको उपायसहित अघि बढ्न भनिएको छ ।

# कोरोना सङ्क्रमण फेरि फैलिन सक्ने भन्दै तयारी गर्न निर्देशन

विराटनगर, १६ पुस (रासस) ।

प्रदेश नं १ का आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले कोभिड उपचारमा संलग्न चिकित्सकहरूलाई ओमिक्रोन भेरियन्टको सम्भावित सङ्क्रमणबाट सतर्क रहेर काम गर्न निर्देशन दिनुभएको छ ।

कोभिड अस्पताल विराटनगरको बिहीबार निरीक्षण गर्दै उहाँले पछिल्लो समयमा कोरोना भाइरस तथा यसको घातक भनिएको ओमिक्रोन भेरियन्टको सम्भावित खतरातर्फ सतर्क रहेर काम गर्न र त्यसको उपचारका लागि तयारी गर्न समेत निर्देशन दिनुभएको हो ।

साथै मन्त्री कार्कीले कोरोना सङ्क्रमितहरूलाई उपचारमा कुनै कमी हुन नदिन पनि आग्रह गर्नुभएको थियो ।

उहाँले भन्नुभयो "उपचारमा आउने बिरामीले अस्पतालमै उपचार पाएनन् भने कहाँ जाने, यस विषयमा यहाँहरूले गम्भीर भएर सोच्नुपर्छ र सबैलाई चुस्त रूपमा सेवा दिनुपर्छ ।"

उहाँले स्वास्थ्य उपचारमा कुनै कमी कमजोरी हुन नदिन प्रदेश सरकार चनाखो भएको र ओमिक्रोन भेरियन्टको सङ्क्रमण बढ्न सक्ने देखिएकाले अस्पतालको व्यवस्थापन चुस्त र दुरुस्त हुनुपर्छ भन्नुभयो । मन्त्री कार्कीले त्यहाँ उपचाररत बिरामीहरूका साथै अस्पतालको आइसियु, भेन्टिलेटर कक्षलगायतको अवस्थाको बारेमा पनि जानकारी लिनुभएको थियो ।

# आगो ताप्दा सावधानी अपनाउन मन्त्रालयको अपिल

काठमाडौँ, १६ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्नेलगायतका कार्य गर्दा सावधानी अपनाउन अपिल गरेको छ ।

मन्त्रालयले बिहीबार सूचना जारी गर्दै केही दिनदेखि देशभर चिसो बढेको र जाडोयाममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्नेलगायतका कार्य गर्दा अप्रिय घटना हुने भएकाले सावधानी अपनाउन अपिल गरेको हो ।

मन्त्रालयले कोठा न्यायो बनाउनका लागि हावा ओहरदोहर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्न आग्रह गरेको छ । मन्त्रालयले कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नताप्न, आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री नजिकै नराख्न अनुरोध गरेको छ ।

यसैगरी मन्त्रालयले आगो तापिसकेपछि त्यसलाई पूर्णरूपमा निभाउन, हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्न, सुत्नुअघि अनिवार्यरूपमा हिटर निभाउन अनुरोध गरेको छ । मन्त्रालयले गिजरको मुख्य मेसिनलाई स्नानगृह बाहिर खुला ठाउँमा जडान गर्न र गिजर खोलेर लामो समयसम्म स्नानगृहमा नबस्न पनि आग्रह गरेको छ । शुक्रबार नेपालगञ्जको भेरी अस्पतालको क्याटरमा कोठा न्यानो बनाउनका लागि कोइला बालेर सुत्दा एकै परिवारका चार जनाको निसास्सिएर निधन भएको थियो ।

# छानबिन समिति गठन

सर्लाही, १६ पुस (रासस) ।

ईश्वरपुरमा सवारी दुर्घटनामा परी ज्यान गुमाएको विषयमा छानबिन गर्न प्रहरी उपरीक्षकको नेतृत्वमा समिति गठन गरिएको छ । पीडित पक्षका छ बुँदे मागको सम्बोधन गरी शव बुझ्ने तयारी रहेको भए पनि अचानक पीडित पक्षले सहमति बेगर शव बुझ्न आनाकानी गरेपछि छानबिन समिति गठन गरिएको हो ।

ईश्वरपुर नगरपालिका-७ मा पाँच दिनअघि मोटरसाइकल अचानक प्रहरीको भ्यानसँग ठोक्किँदा स्थानीयवासी रामकुमार महतोको ज्यान गएको थियो । सोमबारदेखि अस्पतालमा रहेको शव पीडित पक्षले नुबुझ्दा सर्लाहीको सो क्षेत्रमा निषेधाज्ञा पनि शुक्रबार साँझसम्म थप गरिएको छ भने उक्त दुर्घटनाको विषयमा निष्पक्ष छानबिन गर्न प्रदेश नं २ दङ्गा नियन्त्रण प्रहरी गण ढल्केबर धनुषाका प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुँयालको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले जानकारी दिनुभयो ।

उहाँका अनुसार बुधबार लालबन्दीमा भएको सहमतिअनुसार बिहीबार मृतकका परिवार शव बुझ्न मलङ्गवा पुगे पनि शव नबुझी फर्किएका छन् । गठित छानबिन समितिमा प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया बाराका प्रहरी नायब उपरीक्षक सन्तुलाल प्रसाद जैसवाल, प्रहरी कार्यालय जनकपुर धनुषाका प्रहरी निरीक्षक गोविन्दलाल कर्ण, सोही कार्यालयमा कार्यरत प्रहरी नायब निरीक्षक प्रेमकुमार साह र सङ्घीय प्रहरी एकाइ कार्यालय जनकपुर धनुषामा कार्यरत प्रहरी हवल्दार प्रमोदकुमार साह सदस्य रहेका जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक कृष्ण प्रसाईँले जानकारी दिनुभयो ।

छानबिन समितिलाई सो दुर्घटनाको सम्बन्धमा सत्यतथ्य बुझेर अविलम्ब प्रतिवेदन बुझाउन निर्देशन दिइएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# ६० लाख मूल्य बराबरको सामान बरामद

वीरगञ्ज, १६ पुस (रासस) ।

करिब रु ६० लाख बराबरको भन्सार छली ल्याइएको खुद्रा सामान तथा औषधि लोड रहेको एउटा ट्रकसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पर्सा प्रहरीको टोलीले नियन्त्रणमा लिई कारबाहीका लागि बिहीबार राजस्व अनुसन्धान कार्यालय पथलैया पठाएको जनाइएको छ ।

पर्साको वीरगञ्ज महानगरपालिका-२१ परवानीपुरचोकस्थित सडकखण्डमा प्रदेश नं २-०३-००१ख ०१२९ नंको मालवाहक ट्रक तथा चालक बाराका परवानीपुर गाउँपालिका-२ बस्ने ३३ वर्षीय नसरूदीन मियाँलाई प्रहरीको टोलीले नियन्त्रणमा लिएको थियो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार उक्त सामाग्रीको करिब रु ६० लाख मूल्याङ्कन गरी आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालयमा बुझाइएको छ ।

## जसपाद्वारा ...

उनीहरुले नगर प्रमुख साहलाई एक ज्ञापनपत्र समेत बुझाउँदै उक्त घटनामा जनमत पार्टीका कार्यकर्ता दोषि रहेकाले कारवाहीका लागि पहल गर्न माग गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला समन्वय समिति र पत्रकार महासंघ सप्तरीलाई बोदार्थसमेत दिइएको उक्त ज्ञापनपत्रमा गत शनिबार आयोजित जनमत पार्टीको कोणसभाका क्रममा वडा नं ११ वडा अध्यक्ष मोही यादवलाई गालिगलौज गरेको तथा वडा नं. १० वडा अध्यक्ष श्रवण मण्डलको घरमै पसि उनीमाथी हातपात गरेको उल्लेख गरेका छन् ।

यता जनमत पार्टीका जिल्ला सचिव थानेश्वर साहले वडा अध्यक्षको आन्दोलनले आफू चकित परेको बताए । उनले वडा अध्यक्षको आन्दोलनलाई नौटंकी संज्ञा दिएका छन् ।

## सन् २०२१ मा ८ ...

श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, स्रेस्तेदार कुमार मास्के, एसपी अबिनारायण काफ्ले, सशस्त्र एसपी राजु श्रेष्ठ, उपअनुसन्धान निर्देशक नरेशबहादुर शाह, जिल्ला न्याधिवक्ता मोहम्मद मुन्ना, सेनानी कर्मेन्द्रसिंह भाट, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, ज्येष्ठ नागरिक महासंघका प्रदेश २ अध्यक्ष शंकर शारदा, सामुदायिक सेवा केन्द्र अध्यक्ष हितनारायण लाल दास, राजविराज उच्च अदालत बार एशोसिएसन अध्यक्ष भरत यादव, सप्तरी जिल्ला बार एशोसिएसन अध्यक्ष डोमन साह, नेपाल पत्रकार महासंघ अध्यक्ष श्रवण देव, मानव अधिकार निगरानी समूहका अध्यक्ष रघुबर साह, प्याब्सन सचिव संजय शर्मा, अधिवक्ताहरु मीना देव, मनु खनाल, पार्वती जोशी थारु, दानो चौधरीले धारणा राखेका थिए ।

कार्यक्रममा कारागार कार्यालयका सन्दिप देब, समावेशी अपाङ्ग संघका अशोककुमार यादव, कानुन व्यवसायी उमाशंकर देव, पत्रकार दिनानाथ यादव, मैथिली महिला परिषदकी प्रतिमा देव, उमेश मेहतरलगायतको सहभागिता रहेको थियो ।

➢ जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
➢ सावधानीपूर्वक सवारी साधन चलाऔं ।
➢ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
➢ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
➢ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*